वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ८ मिति : २०७९/०७/०७

### भाग २

# विपन्नता पहिचान कार्यविधि, २०७९

**प्रस्तावना:**

नेपालको संविधानमा उल्लेख गरीएको मौलिक हक प्रचलन गर्नु राज्यको दायित्व भएको, नेपालको संविधानद्धारा स्थानीयतहलाई प्राप्त व्यवस्थापकिय र कार्यपालिकीय अधिकार अन्र्तगत स्थानीय क्षेत्रका विपन्न तथा बेरोजगार नागरिकहरुको पहिचान गरी तिनीहरुको व्यवस्थापन गर्न बान्छनीय भएकाले नेपालको संबिधानको धारा २२१ त्था स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएकोछ।

## परिच्छेद– १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यबिधिको नाम बिपन्नता पहिचान कार्यविधि –२०७९ रहनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई नगर प्रमुखले प्रमाणित गरी स्थानीय राजपत्रमा प्रकासन भएको मितिवाट लागू हुनेछ।

**२ परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**२.१** “अति बिपन्न” भन्नाले आफ्नो आर्थिक अवस्था कमजोर भएको, न्यूनतम क्यालोरी पूरा हुने गरी खान नपूग्ने, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त खान, लाउन, बस्न शिक्षा, स्वास्थ्य, उपचार गराउन नपुग्ने परिवारलाई जनाउछ ।

**२.२** “नगरपालिका” भन्नाले: विरेन्द्रनगर नगरपालिकालाई जनाउने छ।

**२.३** “समित” भन्नाले विपन्न नागरिक पहिचान समितिलाई सम्झनु पर्ने छ।

## परिच्छेद– २

### ३. बिपन्नता पहिचानको आधारहरुः

(१) सामान्यतया विपन्नता पहिचानका आधारहरु देहाय बमोजिम हुनेछः

(क) आफ्नो नियिमित आम्दानीको श्रोत नभएको,

(ख) आफ्नो आम्दानीले आफू र आफ्नो परिवारमा सन्तुलित भोजन ग्रहण गर्न नपुग्ने भएको,

(ग) आफनो घर बास नभएको वा भएपनि सामान्य र पर्याप्त नभएको,

(घ) हातमा सिप र क्षमता नभएको,

(ङ) शिक्षामा पहुँच नभएको, सामान्य लेखपढ भएको वा औपचारिक शिक्षा हासील गरे पनि निर्देशिकाको अनुसूची ५ को बर्गीकरण भित्र परी बेरोजगार भएको

(च) प्रकोप वा उपचारका कारणबाट सम्पति सकिएको ब्यक्ति वा परिवार भएको ।

(छ) अन्य उपयूक्त आधारहरु नभएको ।

**४. बिपन्नताको श्रेणीः** बिपन्नताको श्रेणी तपशिलको बमोजिम हुनेछ।

**१) श्रेणी कः** निम्न मध्यम बर्गीय विपन्न परिवार

क) मासिक आम्दानी १० देखि १५ हजार सम्म नियमित भएको र परिवार संख्या ३ देखि ५ जनाको परिवार भएको ,

ख) आफ्नो घरधुरी नम्वरी वा ऐलानीमा भई सामान्य प्रकारको ईटाको गाह्रो, टिनको छानो भएको, घर सहित शौचालय भएको,

ग) ज्ञान सिप भएको तर रोजगार नभएको

घ) खर्चिलो औषधी नियमित सेवन गर्नुपर्ने सदस्य भएको परिवार

**२) श्रेणी खः** निम्न बर्गीय विपन्न परिवार

क) परिवारको मासिक आम्दानी १२०००।– बाह्र हजार सम्म भई १ देखि ५ जनाको परिवार भएको,

ख) पर्याप्त खान लाउन नपुग्ने परिवार ,

ग) बालबच्चालाई शिक्षा दिन नसक्ने परिवार,

घ) आफनो बसोवास भएपनि सामान्य अवस्थामा भएको,

**३) श्रेणी गः** विपन्न परिवार

क) परिवारको मासिक आम्दानी ८०००। आठहजार सम्म भएको

ख) परिवारमा दूई छाक पेटभरी खान र न्यूनतम क्यालोरी पुरा गर्न नसक्ने परिवार,

ग) हातमा सिप नभएको वा परिवारमा १ जनापनि १२ कक्षा उतिर्ण नगरेको

**४) श्रेणी घः** अतिविपन्न परिवार माथि ४ (३) को अवस्था समेत नभएको

## परिच्छेद– ३
## विपन्न पहिचान कार्य विधि एवं समिति सम्बन्धी व्यवस्था

**५. बिपन्न पहिचान कार्यविधिः**

(१) बिपन्न पहिचान गर्न अनुसूची १ अनुसारको ढाँचामा फारम भरिने छ ।

(२) यसरी तोकिएको ढाँचाको फारम भरेको व्यक्ति, परिवारको यर्थात वस्तुगत विवरण एकिन गर्न देहाय बमोजिमको समिति गठन गरिने छ,

संयोजकः नगर प्रमूख १ जना

सदस्यः महिला सदस्य सहित नगर सभाबाट संयोजकको सिफारिसमा नगर प्रमूखले तोकेको ब्यक्ति २ जना

सदस्य सम्बन्धित वडाको अध्यक्ष १ जना

सदस्य सचिबः प्रमुख प्रशासकिय अधिकृत १ जना

(३) समितिको काम, कर्तब्य, अधिकार देहाय बमोजिम हुनेछः

क) बिपन्न परिवार पहिचान तथा छानबिन गर्ने ,

ख) बिपन्न पहिचान अभिलेख ब्यवस्थित गर्ने,

ग) बिपन्न पहिचानको साथै तिनको ब्यवस्थापन र रोजगारको योजना बनाई न.पा. मा सुझाव पेश गर्ने,

घ) नगर प्रमुख मार्फत कामको प्रतिवेदन न.पा.मा पेश गर्ने,

ङ) बिपन्न र बेरोजगारको श्रेणी निर्धारण गरी नगर प्रमुख समक्ष पेश गर्ने,

**६. बिपन्न तथा वेरोजगार सर्भेक्षणः**

बिपन्न तथा वेरोजगार छनौटका लागी अनुसूची २ क र २ ख मा उल्लेख भएको विवरण स्वयम ब्यक्ति वा घरमुलीले आफै वा कर्मचारीको सहयोगमा भर्नु पर्नेछ ।

## परिच्छेद– ४
## छनौट र प्रमाणीकरण

**७. विपन्न परिवार छनौट तथा प्रमाणीकरणः**

१) विपन्नको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछन । प्रमाणीकरण गरिएको अभिलेख प्रशासकीय अधिकृतले नगरप्रमूख समक्ष पेश गर्नु पर्नेछ ।

२) दफा ७.१ बमोजिम प्रमाणित भएको विपन्न तथा वेरोजगारको प्रमाणपत्र तोकिए बमोजिमको ढाँचामा रजिष्टरमा रेकर्ड राखी प्रशासकीय अधिकृतले प्रमाणपत्र तथा परिचय पत्रमा प्रमाणित गर्नु पर्नेछ ।

३) परिचय तथा प्रमाण पत्रको झूठा विवरण दिई लिएको ठहर भएमा प्रमाणपत्र दिने अधिकारीले त्यस्तो परिचय तथा प्रमाणपत्र रद्द गर्न सक्नेछन । यसरी रद्द गरिएको परिचय तथा प्रमाण पत्र कारण सहित नगर प्रमूखमा जाहेर गर्नु पर्नेछ । त्यस्तो रद्द गरिएको परिचयपत्र स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

४) प्रमाण तथा परिचय पत्रको मान्यता अवधि ४ बर्षको हुनेछ । प्रत्येक ४ बर्षमा पून अध्यावधिक गर्नु पर्नेछ ।

५) विपन्न पहिचानको प्रमाण पत्र र परिचयपत्रको रङ्ग अनुसूची ३ मा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद– ५
## सेवा सुविधा

**८. प्रमाण पत्र प्रदानः**

१) सामान्यता विपन्न र बेरोजगार प्रमाणपत्र प्रदान गरिएको ब्यक्तिका परिवारलाई तपशिल बमोजिमको सेवा सूविधा प्रदान गरिनेछ ।

क. स्वरोजगार सम्बन्धी तालिम,

ख. राशन कार्डको सूविधा (दाल, चामल, तेल, पिठो, चिनी, गेडागुडी, नून, सावुन,)

ग. नगर हस्पिटलमा ५० प्रतिशत सहुलियतमा उपचार,

घ. स्वास्थ्य बिमामा तिर्नु पर्ने रकम श्रेणी अनुसार ५० देखि१०० प्रतिशत अनुदान साथै अन्य अस्पतालमा पनि सहुलियत दरमा उपचार गराउने ,

ड. रोजगारको लागि प्रदेश तथा संघमा पहल तथा सहजिकरण,

च. कम्तीमा बर्षमा १० जनालाई घुम्ती कोषमा प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गराउने,

छ. ब्यक्तिगत सिप र क्षमता बिकास तालिम गराउने,

ज. नगरपालिकाबाट लिईने सिफारीस निःशुल्क गर्ने,

झ. बैदेशिक रोजगारमा जान इच्छुक भए समुहगत रुपमा निशुल्क तालिमको व्यवस्था गर्ने

**९. लागू हुने अवधिः**

सेवा सुविधाका सम्वन्धमा कार्यपालिकाले आवश्यक निर्णय गर्दै जानेछ ।

**१०. विपन्न व्यक्ति परिवारलाई नगरपालिकाले परिचय पत्र उपलब्ध गराउने**

परिचय पत्रको रंग र किसिम अनुसूची ३ मा व्यवस्था भए अनुसार हुनेछ ।

अनुसूची १
**दफा ७ को ४ सँग सम्बन्धित**

# विपन्न सर्वेक्षण फाराम

घर मुलीको नामः
१. पारिवारिक विवरण

| क्र.सं. | नाम थर | ठेगाना | जन्म मिति | नाता | पेशा | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

२. आर्थिक अवस्थाः

| क्र. सं. | घर | किसिम | कोठा | शौचालय | पिउने पानी | विद्युत | इन्धन प्रयोग | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

३. जग्गा जमिनः क्षेत्रफलः

किसिमः नम्बरी ऐलानी भिटा खेती योग्यः

४. आम्दानीको स्रोतः
क. मुख्य श्रोतः ख. सहाय अन्यः ग. नियमित

५. खर्चः मुख्य खर्च हुने
१. २. ३.

६. तीन पुस्ते विवरण
नाम :
बसाई आएको मिति :
बाबुको नाम :
हालको ठेगाना :
पूर्व ठेगाना :
बाबुको पेशा :
हजुरवुवाको नाम :
हाल वा पूर्व ठेगाना :
हजुरवाले गरेको पेशा :

**अनुसूची २**

परिच्छेद ५ को १० सँग सम्बन्धित

**विपन्न परिचय पत्र**

**परिचय पत्रको ढाँचा**

# वीरेन्दरनगर नगरपालिका

**वीरेन्द्रनगर, सुर्खेत**

# विपन्न परिचय-पत्र

**फोटो**

परिचय पत्र नं.

नाम थरः

ठेगानाः

शिक्षाः

परिवार संख्याः

विपन्नताको श्रेणीः

मान्य अवधिः

जारी मितिः

**प्रमाणित गर्ने**

दस्तखत :

नाम, थर :

## अनुसुचि ३

### परिचय पत्रको श्रेणी र रङ्ग

| श्रेणी | कार्डको रङ्ग |
|---|---|
| श्रेणी (क) निम्न मध्यम वर्गिय विपन्न परिवार | हरियो र सेतो मिश्रीत |
| श्रेणी (ख) निम्न वर्गिय विपन्न परिवार | पहेलो र हरियो मिश्रीत |
| श्रेणी (ग) विपन्न परिवार | रातो र पहेलो मिश्रीत |
| श्रेणी (घ) अति विपन्न परिवार | रातो मिश्रीत |

आज्ञाले,
**नरहरी तिवारी**
प्रमुख प्रशासकीय अधिकृत